नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(.......................................शाखा)

प.सं. : ०७६।०७७
च.नं. : ८१

सिंहदरवार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

आज मिति २०७६ साल भदौ ३० गते बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा गर्नु पर्ने संशोधनको लागि मस्यौदा तर्जुमा गर्नु पूर्व सरोकारवालाहरूसँग परामर्श गर्ने ढाँचाको सम्बन्धमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानु भक्त ढकालज्यूको समुपस्थितिमा छलफल कार्यक्रम सम्पन्न गरियो। छलफल कार्यक्रममा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगका सचिव, महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता, राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि, द्वन्द्वपीडितसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधि तथा अन्य सरोकारवालाको उपस्थिति रहेको थियो।

कार्यक्रममा माननीय मन्त्रीज्यूले वर्तमान सरकार संक्रमणकालीन न्यायको व्यवस्थापन गर्न र यसलाई यथासक्य छिटो टुङ्गोमा पुऱ्याउन पूर्ण प्रतिबद्धताका साथ लागि परेको र त्यसै उद्देश्यले यस सम्बन्धी कानूनमा गरिने संशोधनमा समेत सरोकारवालाहरूको सहभागिता जुटाउन सबै प्रदेशहरूमा छलफल तथा अन्तरक्रियाहरू आयोजना गर्न लागिएको कुरा स्पष्ट गर्दै त्यस्ता कार्यक्रमहरूमा सरोकारवाला तथा पीडितहरूको सार्थक सहभागिताको अपेक्षा समेत गर्नु भएको थियो। सो छलफलको क्रममा द्वन्द्व पीडित साझा चौतारी, द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल, द्वन्द्व पीडित सुरक्षाकर्मी परिवार र नेपाल माओवादी पीडित संघ लगायतका संघ संस्थाको तर्फबाट श्री भागिराम चौधरी, श्री रामकुमार भण्डारी, श्री हिमकुमारी घर्ती, श्री धर्मराज न्यौपाने लगायतका सहभागीहरूले संक्रमणकालीन न्यायको व्यवस्थापनको लागि अवलम्बन गर्नु पर्ने प्रक्रिया तथा ऐन संशोधनको लागि परामर्श गर्दा विचार गर्नु पर्ने विषयमा महत्वपूर्ण सुझाब दिनु भएको थियो।

०७६।५।३०

(धनराज ज्ञवाली)
सहसचिव एवं प्रवक्ता

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४